**REGIONAL NEWS UNIT**
**ALL INDIA RADIO GANGTOK**
**NEPALI NEWS BULLETIN**

**BROADCAST: 18:40 hrs** **Date: 03.07.2025**

## प्रधानमन्त्री मोदीलाई घानाको सर्वोच्च नागरिक सम्मान प्रदान

प्रधानमन्त्री नरेन्द्र मोदीलाई असाधारण शासन कला र प्रभावशाली वैश्विक नेतृत्त्वका लागि आज घानाको राष्ट्रपति डोन ड्रामानी महामा-ले राष्ट्रिय सम्मान Officer of the order of the star of Ghana" प्रदान गर्नुभयो। प्रधानमन्त्री मोदीले 1.4 अर्ब भारतीय जनताको तर्फबाट यो सम्मान स्वीकार गर्दै यसलाई भारतका युवाहरूको आकाङ्क्षा, सांस्कृतिक परम्परा, विविधता तथा भारत–घानाबीचको ऐतिहासिक सम्बन्धलाई समर्पित गर्नुभयो। उहाँले यस विशेष सम्मानप्रति घानाका जनता र सरकारप्रति आभार व्यक्त गर्नुभयो।

## 211औं भानुजयन्तीका अवसरमा शङ्करदेव ढकाललाई भानु पुरस्कार प्रदान गरिने

आगामी 13 जुलाई 2025 मा मनाइने 2 सय11औं भानुजयन्तीका अवसरमा प्रदान गरिने प्रतिष्ठित भानु पुरस्कारसहित अन्य विविध सम्मान तथा सेवाश्री सम्मानहरूको घोषणा आज गरिएको छ। नेपाली साहित्य परिषद सिक्किमले पत्रकार सम्मेलन आयोजना गरेर पुरस्कृत तथा सम्मानित हुने व्यक्तिहरूको नाम सार्वजनिक गर्दै उहाहरूको योगदानको उच्च प्रशंसा गरेको छ। यस वर्षको भानु पुरस्कार भाषा तथा साहित्यको क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउँदै आउनुभएको शङ्करदेव ढकाललाई प्रदान गरिनेछ। उक्त पुरस्कार अन्तर्गत ताम्रपत्र, अङ्गवस्त्र, प्रशस्ति-पत्रसहित नगद 51 हजार रुपैयाँ प्रदान गरिनेछ। त्यस्तै, भाषा गौरव सम्मान अन्तर्गत आदिवासी भाषाको सम्वर्द्धन तथा संरक्षणमा समर्पित दुई विशिष्ट व्यक्तित्वहरूलाई सम्मान गरिने भएको छ। लेप्चा भाषा तथा साहित्यमा योगदान पुऱ्याउँदै आएकी पुष्पा-छोडेन थोमस लेप्चा र भोटिया भाषा-साहित्यका मर्मज्ञ हिस्से रिङजिङ भोटियालाई उक्त सम्मान प्रदान गरिनेछ। यस सम्मानमा सम्मान–पत्र, अङ्गवस्त्र र स्मृति चिन्ह समावेश छन् । यसैगरी, कला, साहित्य, पत्रकारिता लगायतका विभिन्न क्षेत्रका आठ जना व्यक्तित्वहरूलाई सेवाश्री सम्मान प्रदान गर्नेछ। यस विषयमा थप जानकारी दिदै परिसदका अध्यक्ष हरि ढुँगेलले बताउनुभयो.**bytee**

यस्तै प्रकारले ..नाट्य सेवामा क्षेत्रमा योगदान पुऱ्याउँदै आउनुभएको पुष्पराज अधिकारी, संगीतमा सी. बी. गुरुङ, पत्रकारिता क्षेत्रमा डिल्लीराम दुलाल, चित्रकारितामा पारस नेचाली र नृत्यकलामा किरण लामालाई सेवाश्री सम्मानबाट सम्मान गरिनेछ। उक्त सम्मानहरु, आगामी 13-जुलाई मा आयोजना हुने राज्यस्तरीय भानुजयन्ती समारोहका अवसरमा प्रदान गरिनेछ।

## सचिव जीवन सुब्बाको अध्यक्षतामा आबकारी विभागको पहिलो समन्वय बैठक सम्पन्न

आबकारी विभागका नव-नियुक्त सचिव जीवन सुब्बाको अध्यक्षतामा आज विभागको मुख्यालयमा पहिलो समन्वय बैठक सम्पन्न भयो। बैठकमा राज्यका छवटै जिल्लाका अधिकारीहरू र फिल्ड कर्मचारीहरूको सक्रिय सहभागिता रहेको थियो। बैठकमा, राजस्व संकलनमा वृद्धि र सेवा प्रवाहमा सुधारमाथि केन्द्रित रहेर विस्तृत छलफल गरिएको थियो। सचिव सुब्बाले चालु आर्थिक वर्षमा विभागले कम्तीमा 10 प्रतिशत राजस्व वृद्धि गर्नुपर्ने लक्ष्य निर्धारण गरिएको जानकारी दिनुभयो। जरिवाना तथा जफतबाट हुने आम्दानी अपेक्षा अनुसार नभएकोप्रति चिन्ता व्यक्त गर्दै फिल्ड अधिकारी तथा कर्मचारीहरूले यसतर्फ विशेष ध्यान दिनुपर्नेमा जोड दिनुभयो। उहाले, प्रत्येक महिनामा कम्तीमा 15 वटा फिल्ड भ्रमण गर्नुपर्ने, ती भ्रमण ग्याजेटेट अधिकृतको निगरानीमा सम्पन्न गरिनुपर्ने र भ्रमण प्रतिवेदन दुई कार्य दिनभित्र मुख्यालयमा अनिवार्य रूपमा बुझाउनुपर्ने स्पष्ट निर्देशन दिनुभयो। सचिव सुब्बाले सबै कर्मचारीहरूलाई आबकारी ऐन तथा नियमा- वलीको स्पष्ट जानकारी राख्न र त्यसका आधारमा कार्यसम्पादनमा दक्षता देखाउन निर्देशन दिनुभएको छ।

**पाराखा ब्लकमा प्रधानमन्त्री फसल बीमा योजना सम्बन्धी जनचेतना कार्यक्रम सम्पन्न**

9औं अन्नविमा सप्ताहको अवसरमा प्रधानमन्त्री फसल बीमा योजना (PMFBY) सम्बन्धी एक जनचेतना कार्यक्रम आज पाकीम जिल्ला अन्तर्गत  पाराखा ब्लकमा सम्पन्न भयो। कार्यक्रमको उद्देश्य किसानहरूलाई योजना अन्तर्गत फसल बीमाको लाभ, प्रक्रिया तथा क्षति दावी सम्बन्धी जानकारी दिनु रहेको थियो। जनचेतनामूलक सत्रमा योजनाका उद्देश्य, बीमाले समेट्ने क्षेत्र तथा दावी प्रक्रियाबारे विस्तृत जानकारी दिइएको थियो

**मौसम विज्ञान विभाग**

मौसम विज्ञान विभाग द्वारा जारी गरिएको रिपोर्ट अनुसार आज गान्तोक तथा  वरपरको अधीकतम तापमान 21.9° सेल्सियस रिकर्ड गरियो भने न्युनतम तापमान 17.9° सेल्सियस रिकर्ड गरियो। भोली आकाशमा बादल छाई रहनुका साथै भारी वर्षाको पुर्वानुमान गरिएको छ